२०७९ सालको ऐन नं. ५

# हेटौंडा राजपत्र

हेटौंडा उपमहानगरपालिकाद्वारा प्रकाशित

खण्डः ६ | संख्याः ५ | मितिः२०७९।०९।१४

## भाग- २

**हेटौंडा उपमहानगरपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

### हेटौंडा उपमहानगरपालिका प्रज्ञा प्रतिष्ठान ऐन, २०७९

**<u>प्रस्तावना:</u>**

नेपालको संविधानले तीन तहको सरकारको व्यवस्था गरे अनुरुप स्थानीय सरकारले भाषा, साहित्य, कला र संस्कृतिको संरक्षणमा विविध गतिविधिहरु सञ्चालन गरिरहेको सन्दर्भमा यसलाई अझै मर्यादित परिष्कृत र व्यवस्थित ढंगमा सञ्चालन गर्न बाञ्छनीय भएकोले नेपालको संविधान, २०७२ को धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम हेटौंडा उपमहानगरपालिकाको नगर सभाले हेटौंडा उपमहानगरपालिका प्रज्ञा प्रतिष्ठान ऐन, २०७९ पारित गरी लागू गरिएको छ।

हेटौंडा राजपत्र

## परिच्छेद १
## प्रारम्भिक

**१) संक्षिप्त नाम र परिभाषाः**

(१) यस ऐनको नाम "हेटौंडा उपमहानगरपालिका प्रज्ञा प्रतिष्ठान ऐन, २०७९" रहेको छ।

(२) यो ऐन नगर सभाबाट पारित गरी स्थानीय राजपत्रमा प्रकाशित भएपछि लागू हुनेछ।

**२) परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "उपमहानगरपालिका" भन्नाले हेटौंडा उपमहानगरपालिकालाई सम्झनु पर्दछ।

(ख) "उपकुलपति" भन्नाले दफा ११ (२) बमोजिम उपमहानगरपालिकाले मनोनयन गरेको हेटौंडा उपमहानगरपालिका प्रज्ञा प्रतिष्ठानको उपकुलपतिलाई सम्झनु पर्दछ।

(ग) "कार्यपालिका सदस्य" भन्नाले हेटौंडा उपमहानगरपालिकाको कार्यपालिका सदस्यलाई सम्झनु पर्दछ।

(घ) "कुलपति" भन्नाले हेटौंडा उपमहानगरपालिका प्रज्ञा प्रतिष्ठानको कुलपतिलाई सम्झनु पर्दछ।

(ङ) "सहकुलपति" भन्नाले हेटौंडा उपमहानगरपालिका प्रज्ञा प्रतिष्ठानको सहकुलपतिलाई सम्झनु पर्दछ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ।

(छ) "परिषद् सदस्य" भन्नाले दफा ९ (२) बमोजिम मनोनयन गरेको हेटौंडा उपमहानगरपालिका प्रज्ञा प्रतिष्ठानको परिषद् सदस्यलाई सम्झनु पर्दछ।

(ज) "प्रज्ञा प्रतिष्ठान" भन्नाले दफा ३ बमोजिम गठन भएको हेटौंडा उपमहानगरपालिका प्रज्ञा प्रतिष्ठानलाई सम्झनु पर्दछ।

(झ) "प्रज्ञा सभा" भन्नाले दफा ७ बमोजिम गठित प्रज्ञा सभालाई सम्झनु पर्दछ।

(ञ) "प्रज्ञा परिषद्" भन्नाले दफा ९ बमोजिम गठित प्रज्ञा परिषद्लाई सम्झनु पर्दछ।

(ट) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले हेटौंडा उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(ठ) "प्रज्ञा सभा सदस्य" भन्नाले दफा ७ (२) बमोजिम मनोनयन गरेको हेटौंडा उपमहानगरपालिका प्रज्ञा प्रतिष्ठानको परिषद् सदस्यलाई सम्झनु पर्दछ।

(ड) "नगर उपप्रमुख" भन्नाले हेटौंडा उपमहानगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्दछ।

(ढ) "नगर प्रमुख" भन्नाले हेटौंडा उपमहानगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ।

(ण) "नगर सभा" भन्नाले हेटौंडा उपमहानगरपालिकाको नगरसभालाई सम्झनु पर्दछ।

हेटौंडा उपमहानगर

(त) "सचिवालय" भन्नाले प्रज्ञा प्रतिष्ठानको सचिवालयलाई सम्झनु पर्दछ।

(थ) "सदस्य सचिव" भन्नाले उपमहानगरपालिकाले प्रज्ञा प्रतिष्ठानको सदस्य सचिवको कामकाज गर्न तोकेको कर्मचारीलाई सम्झनु पर्दछ।

## परिच्छेद २

## प्रज्ञा प्रतिष्ठानको स्थापना, काम, कर्तव्य र अधिकार

३) **प्रज्ञा प्रतिष्ठानको स्थापनाः** उपमहानगरपालिकाभित्र रहेका भाषा, साहित्य, कला र संस्कृतिको अध्ययन, अनुसन्धान, अभिलेखीकरण, संरक्षण, संवर्द्धन, प्रचार प्रसार एवम् विकासका लागि "हेटौंडा उपमहानगरपालिका प्रज्ञा प्रतिष्ठान" को स्थापना गरी सञ्चालनमा ल्याइनेछ ।

४) **प्रज्ञा प्रतिष्ठान स्वतन्त्र र अधिकार सम्पन्न हुनेः** (१) प्रज्ञा प्रतिष्ठान नगरसभाबाट पारित नीति र बजेटको सीमाभित्र प्रज्ञा सभाबाट स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने उपमहानगरपालिकाको अभिन्न अङ्गको रुपमा रहनेछ । यो एक स्वतन्त्र र अधिकार सम्पन्न निकाय रहनेछ ।

(२) प्रज्ञा प्रतिष्ठानले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपयोग गर्न, बेचबिखन गर्न, वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ ।

(३) प्रज्ञा प्रतिष्ठानले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र प्रज्ञा प्रतिष्ठान उपर पनि नालिस उजुर लाग्न सक्नेछ ।

(४) प्रज्ञा प्रतिष्ठानले व्यक्ति सरह करार गर्न करार बमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्नेछ ।

५) **प्रज्ञा प्रतिष्ठानको काम कर्तव्य र अधिकारहरुः** (१) यस ऐनमा अन्यत्र लेखिएका काम,कर्तव्य र अधिकारको अतिरिक्त प्रज्ञा प्रतिष्ठानको काम, कर्तव्य, र अधिकारहरु देहाय बमोजिम हुनेछः

क) प्रज्ञा प्रतिष्ठानको नीति तथा कार्यक्रम तर्जुमा गर्ने।

ख) उपमहानगरभित्र रहेका भाषा, साहित्य, कला संस्कृतिको अध्ययन,अनुसन्धान,अभिलेखिकरण, प्रचार प्रसार, विकासका लागि कार्यक्रमहरु संचालन गर्ने ।

ग) उपमहानगर क्षेत्रभित्रका स्रष्टाहरुका सृजना/कृतिहरु प्रकाशन एवं खरिद गरी प्रोत्साहन गर्ने।

घ) स्वदेशी तथा विदेशी साहित्यिक कृतिहरु समेत सहयोग/उपहार स्वरुप ग्रहण गर्ने ।

ङ) सामुदायिक पुस्तकालयहरुलाई व्यवस्थितरुपमा सञ्चालन गर्न प्रोत्साहन गर्ने ।

च) नवोदित प्रतिभालाई प्रोत्साहन गर्ने ।

छ) उपमहानगरभित्रबाट प्रकाशित सबैखाले कृतिहरुको अभिलेखन सुरक्षण गर्ने ।

हेटौंडा राजपत्र

ज) प्रकाशित कृतिहरु संकलन गरी व्यवस्थित गर्ने ।

झ) उपमहानगरभित्र रहेका साहित्यक संस्थाहरु उपमहानगरमा दर्ता, नवीकरण र सूचीकरण गर्ने।

ञ) साहित्यिक संस्थाहरुको अनुगमन र मूल्यांकन गर्ने नियामक भूमिका निर्वाह गर्ने ।

ट) अन्य प्रदेश, स्थानीय पालिका तथा संघीय सरकार एवम् नेपाल प्रज्ञा प्रतिष्ठान, नाट्य कला प्रतिष्ठान, ललितकला प्रतिष्ठान लगायत सरोकारवाला संस्थाहरुसँग समन्वय र सहकार्य गर्ने।

ठ) भाषा, साहित्य,संस्कृति, सामाजिक शास्त्र, दर्शनशास्त्र अन्य समाज उपयोगी जीवनविज्ञान, प्रकृति विज्ञान र जीविकोपार्जन विषयक खोज, अनुसन्धान, अन्वेषण गर्न लेखन वृत्ति प्रदान गर्ने।

ड) विश्वविद्यालयहरु/ स्थानीय महाविद्यालयहरुसँग सहकार्य गरी स्नातकोत्तर तहका विद्यार्थीहरुलाई भाषा, कला, साहित्य र संस्कृतिसँग सम्बन्धित बिषयमा शोध कार्यका लागि प्रोत्साहन गर्ने ।

ढ) देशभित्रका विविध भाषाका कृति र विदेशी भाषामा लेखिएका साहित्यक कृतिहरुको अनुवादका लागि प्रोत्साहन गर्ने ।

ण) भाषा, साहित्य, संस्कृति सम्बन्धी  राष्ट्रिय, अर्न्तराष्ट्रिय सभा सम्मेलन, गोष्ठी सञ्चालन गर्ने तथा सहभागिता जनाउने ।

त) उपमहानगरका विभिन्न जातजाति, धर्म, सम्प्रदायका साँस्कृतिक पहिचान झल्कने प्रदर्शनी कक्ष र संग्रहालय निर्माण गर्ने ।

थ) लामो समयदेखि साहित्य,  कला संगित र संस्कृति प्रवर्द्धन एवम् साधनामा लागेर विशिष्ट पहिचान बनाएका स्रष्टाहरुलाई सम्मान गर्ने।

द) लोपोन्मुख भाषा, संस्कृतिको संरक्षण गर्ने ।

ध) स्थानीय कलाको संरक्षण र संवर्द्धन गर्ने ।

न) उपमहानगरस्तरीय कला गृह(आर्ट ग्यालरी) निर्माण गर्ने ।

प) मापदण्ड निर्माण गरी विशिष्ट विद्धान तथा वाङमय साधकलाई आजीवन सदस्यता प्रदान गर्ने।

फ) साहित्य र कला सम्बन्धी संस्थाहरुको दर्ता र नवीकरण गर्न सहजीकरण र प्रोत्साहन गर्ने।

ब) प्रज्ञा प्रतिष्ठानको अर्ध वार्षिक अनुसन्धनात्मक जर्नल प्रकाशित गर्ने ।

## परिच्छेद ३

## प्रतिष्ठानको संरचना

६) **प्रतिष्ठानको संरचना**ः प्रज्ञा प्रतिष्ठानको संरचना देहाय बमोजिम हुनेछ र यसको सामुहिक रुप नै हेटौडा प्रज्ञा प्रतिष्ठान हुनेछ।

क) प्रज्ञा सभा

ख) प्रज्ञा परिषद

**७) प्रज्ञा सभाः** १) प्रज्ञा प्रतिष्ठानको सर्वोच्च निकायको रुपमा एक प्रज्ञा सभा रहनेछ ।

२) प्रज्ञा सभामा एकतीस जना रहनेछन् । सभाको गठन देहाय बमोजिम हुनेछ ।

| | |
|---|---|
| क कुलपति | अध्यक्ष |
| ख) सहकुलपति | सदस्य |
| ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ) उपकुलपति | सदस्य |
| ङ) प्रमुख, शिक्षा विकास महाशाखा | सदस्य |
| च) नगर कार्यपालिका सदस्य (वडा अध्यक्षहरु समेत) हरु मध्येबाट कम्तिमा एक जना महिला सहित नगर कार्यपालिकाले तोकेको ३ जना | सदस्य |
| छ) उपमहानगरपालिका क्षेत्रभित्र रहेका भाषा, साहित्य, कला, गीत, संगीत, नाट्य विधा, संस्कृति तथा साहित्यिक एवम् प्रतिष्ठित शैक्षिक व्यक्तित्वहरु मध्येबाट समावेशीतालाई समेत ध्यानमा राखी नगर कार्यपालिकाले दफा ११(३) बमोजिम मनोनयन गरेका परिषदका ३ सदस्य सहित अनुवाद साहित्य अन्तर्राष्ट्रिय प्रकाशन समेतलाई आधार मानी २२ जना | सदस्य |
| ज) उपमहानगरले तोकेको अधिकृतस्तरको कर्मचारी | सदस्य सचिव |

३) उपमहानगरपालिकाको नगर प्रमुख र उपप्रमुख प्रज्ञा प्रतिष्ठानको कुलपति र सहकुलपतिका रुपमा रहनेछन् ।

४) उपदफा "ग" र "छ" बमोजिम मनोनित उपकुलपति र सदस्यहरुको पदावधि ४ वर्षको हुनेछ ।

५) कुनै कारणले प्रज्ञा सभाका मनोनित सदस्यको पद रिक्त हुन आएमा बाँकि कार्यकालको लागि त्यस्तो सदस्य जुन विधा, क्षेत्र र प्रक्रियाबाट मनोनयन भएको हो सोहि विधा, क्षेत्र र प्रक्रियाबाट मनोनयन गरिनेछ ।

६) <u>प्रज्ञा सभाको काम, कर्तव्य र अधिकार :</u> प्रज्ञा सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

क) प्रज्ञा प्रतिष्ठानको नीति निर्धारण गर्ने ।

ख) नगर सभाले तोकेको बजेट सीमाभित्र रही प्रज्ञा प्रतिष्ठानको वार्षिक योजना तथा कार्यक्रम स्वीकृत गर्ने।

ग) प्रज्ञा प्रतिष्ठानको वार्षिक बजेट पारित गर्ने ।

घ) विद्वतवृत्ति, सम्मान तथा पुरस्कार अनुमोदन गर्ने ।

ङ) परिषदलाई आवश्यक निर्देशन र मार्गदर्शन गर्ने ।

च) परिषदको कामको अनुगमन तथा मुल्याङ्कन गर्ने ।

छ) प्रज्ञा प्रतिष्ठानको नियमावली स्वीकृत गर्ने ।

ज) तोकिए बमोजिमको काम गर्ने ।

**८) वैठक सम्बन्धी व्यवस्थाः** (१) प्रज्ञा सभाको बैठक कम्तिमा वर्षको १ पटक बस्नेछ । बैठक बस्नु अघि बस्ने स्थान, मिति, समय र छलफलको कार्यसुचि सहितको सूचना अध्यक्ष परामर्श गरी सभाका सदस्य सचिवले सदस्यहरुलाई कम्तिमा ४८ घण्टा पहिले दिनुपर्नेछ ।

(२) सभाका तत्काल कायम रहेका सदस्य संख्याको ५० प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा सभाको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(३) सभाको बैठकको अध्यक्षता कुलपतिले गर्नेछ । निजको अनुपस्थितिमा सहकुलपतिले बैठकको अध्यक्षता गर्नेछ ।

(४) सभाको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षले निर्णायक मत दिनेछन् ।

(५) सभाको बैठकको निर्णय सभाको उपकुलपति र सदस्य सचिवबाट प्रमाणित हुनेछ ।

(६) सभाको बैठक सम्बन्धी अन्य कार्यविधी सभा आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**९) प्रज्ञा परिषदको गठनः** (१) प्रज्ञा प्रतिष्ठानको प्रशासनिक तथा प्रज्ञा सभा वा नगर सभाबाट स्वीकिृत कार्यक्रम कार्यान्वयनका लागि एक स्वतन्त्र र अधिकार सम्पन्न कार्यकारी निकायको रुपमा पाँच सदस्यीय प्रज्ञा परिषद रहनेछ ।

(२) परिषदको गठन र स्वरुप देहाय बमोजिम हुनेछः

क) उपकुलपति अध्यक्ष

ख) प्रज्ञा सभाका सदस्य मध्येबाट नगर कार्यपालिकाले तोकेको कम्तिमा एक जना महिला सहित ३ जना — सदस्य

ग) उपमहानगरले तोकेको अधिकृतस्तरको कर्मचारी (प्रज्ञा सभाको लागि तोकिएको) — सदस्य सचिव

(३) कुनै कारणले उपदफा २(ख) बमोजिमका सदस्यको पद रिक्त हुन गएमा बाँकी अवधिको लागि त्यस्तो सदस्य जुन विधा, क्षेत्र र प्रक्रियाबाट मनोनयन भएको हो सोही विधा, क्षेत्र र प्रक्रियाबाट अर्को व्यक्तिलाई मनोनयन गरिनेछ ।

(४) उपकुलपति परिषद्को कार्यकारी प्रमुख हुनेछ ।

(५) परिषद्का सदस्य संयोजक रहने गरी उपकुलपतिले परिषद्का सदस्यहरु मध्येबाट भाषा–साहित्य, कला र संस्कृतिको क्षेत्र हेर्ने गरी विभाग वा उपसमिति गठन गर्न सक्नेछन् ।

(६) परिषदको बैठक कम्तीमा महिनाको १ पटक बस्नेछ ।

**१०) प्रज्ञा परिषद्को काम, कर्तव्य र अधिकारः** परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ,

(क) प्रज्ञा सभाले गरेका निर्णयहरु कार्यान्वयन गर्ने ।

(ख) प्रज्ञा सभाले दिएको निर्देशनपालना गर्ने ।

(ग) सदस्य सचिवले पेश गरेको वार्षिक कार्यक्रम, बजेट, प्रगति प्रतिवेदन तथा कार्यक्रमहरुका सम्बन्धमा छलफल तथा आवश्यकता अनुसार संसोधन गरी अनुमोदनका लागि सभामा पेश गर्ने ।

(घ) विद्वतवृत्ति, सम्मान तथा पुरस्कार अनुमोदनका लागि प्रज्ञा सभामा पेश गर्ने ।

(ङ) परिषद्को काम कार्यवाहीको सम्बन्धमा आवश्यकता अनुसार समिति, उपसमिति वा कार्य दल गठन गर्ने र त्यस्तो समिति, उपसमिति वा कार्यदलको काम, कर्तव्य र अधिकार तोक्ने ।

(च) तोकिए बमोजिमको अन्य काम गर्ने ।

**११) सिफारिस समितिको व्यवस्थाः** (१) प्रज्ञा प्रतिष्ठानको उपकुलपति, मनोनितहुने प्रज्ञा सभा सदस्यहरु र प्रज्ञा परिषद्का सदस्यहरुको मनोनयनका लागि उपमहानगर समक्ष सिफारीस गर्न देहाय बमोजिमको तीन सदस्यीय समिति गठन गर्नेछः

(क) प्रमुख प्रशासकीय अधिकृत — संयोजक

(ख) नगर कार्यपालिकाले मनोनयन गरेको २ जना ख्याती प्राप्त साहित्यकार/ साहित्य साधकहरु — सदस्य

(२) उपदफा (१) बमोजिम गठित सिफारीस समितिले उपमहानगरपालिका क्षेत्रभित्र रहेका कला, गीत, सङ्गीत, नाट्यविधा, संस्कृति, योगशास्त्र, प्रकृति विज्ञान, दर्शन तथा सामाजिकशास्त्र

सम्बन्धी विधामा कम्तिमा १५ वर्ष देखि क्रियाशिल रहेका, कम्तीमा २ वटा कृतिहरु प्रकाशन गरेका, प्राज्ञिक क्षेत्रमा विशिष्ट पहिचान बनाएका ख्याती प्राप्त व्यक्तिहरु मध्येबाट सम्भव भएसम्म भाषा, साहित्य, कला, संस्कृति दर्शन तथा समाजशास्त्र सम्बन्धी सबै विधाबाट प्रतिनिधित्व हुने गरी विविधता र समावेशीतालाई समेत दृष्टिगत गरी जाति, लिङ्ग, भाषाभाषी समेतलाई समेट्ने गरी उपकुलपतिको लागि ३ जना र प्रज्ञासभा र प्रज्ञा परिषद् सदस्यको लागि २९ जनाको नाम उपमहानगरपालिका समक्ष सिफारिस गर्नेछ ।

(३) सिफारिस समितिबाट सिफारीस भई आएका व्यक्तिहरु मध्येबाट उपमहानगरपालिकाले एक जना उपकुलपति, कम्तिमा एक जना महिला सहित तीन जना प्रज्ञा परिषद सदस्य र बाईस (२२) जना प्रज्ञा सभा सदस्यको मनोनयन गर्ने छ ।

## परिच्छेद ४

## प्रज्ञा प्रतिष्ठानको कुलपति, उपकुलपति, प्रज्ञा सभा सदस्य, परिषद सदस्य तथा सचिवालय

१२) **कुलपति/सहकुलपतिः** प्रज्ञा प्रतिष्ठानको कुलपति उपमहानगरपालिकाको नगर प्रमुख र सहकुलपति उपमहानगरपालिकाको नगर उपप्रमुख हुनेछ।

१३) **उपकुलपतिः** (१) उपकुलपति प्रज्ञा प्रतिष्ठानको प्रमुख पदाधिकारी हुनेछ ।

(२) प्रतिष्ठानको कुलपतिले उपदफा ११ बमोजिम गठित सिफारिस समितिको सिफारिसमा प्रतिष्ठानको उपकुलपति नियुक्ति गर्नेछ ।

(३) यस ऐनमा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त उपकुलपतिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) सभाले दिएको निर्देशन र परिषदले गरेको निर्णयको कार्यान्वयन गर्ने गराउने ।

ख) वार्षिक कार्यक्रम, बजेट, कार्यक्रमहरु प्रगति प्रतिवेदन तयार गर्ने गराउने ।

ग) स्वदेशी तथा विदेशी संघ, संस्थाहरुसंग प्रज्ञा प्रतिष्ठानको कामसंग सम्बन्धित विषयमा सम्पर्क,समन्वय गर्ने गराउने ।

घ) तोकिए बमोजिम अन्य काम गर्ने ।

१४) **प्रज्ञा सभा सदस्यः** १) प्रज्ञा प्रतिष्ठानको उदेश्य पूर्तिका लागि दफा ७ (२) बमोजिमको प्रज्ञा सभा सदस्यहरु रहनेछन् ।

२) प्रतिष्ठानका कुलपतिले उपदफा ११ बमोजिम गठित सिफारिस समितिको सिफारिसमा प्रज्ञा सभा सदस्यको नियुक्ति गर्नेछ ।

**१५) प्रज्ञा परिषद सदस्यः** प्रज्ञा प्रतिष्ठानको कामकारबाहीलाई व्यवस्थित ढंगले सञ्चालन गर्न दफा ९(२) बमोजिम प्रज्ञा परिषद सदस्य रहनेछन् ।

**१६) पद रिक्त हुनेः** १) देहायका अवस्थामा प्रतिष्ठानका उपकुलपति, प्रज्ञा सभाका सदस्यतथा प्रज्ञा परिषद्का सदस्यहरुको पद रिक्त भएको मानिनेछ ।

१) पदावधि समाप्त भएमा ।

२) राजिनामा दिएमा ।

३) शारीरिक वा मानसिक अस्वस्थताको कारण सेवामा रही कार्य सम्पादन गर्न असमर्थ रहेको भनी प्रज्ञा सभाको सिफारिसमा नगर प्रमुखले पदमुक्त गरेमा ।

४) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा ।

५) दफा १८ बमोजिम हटेमा ।

६) निजको मृत्यु भएमा ।

**१७) पदबाट हटाउन सक्नेः**

१) प्रतिष्ठानका उपकुलपति, प्रज्ञा सभा तथा प्रज्ञा परिषदका मनोनित सदस्यले यस ऐनको उद्देश्य बमोजिम काम नगरेको वा आफ्नो पद अनुकूलको आचरण नगरेको वा ईमान्दारी पूर्वक कार्य नगरेको वा निजमा कार्य क्षमता अभाव भएको कारण देखाई प्रज्ञा सभामा तत्काल कायम रहेका कम्तिमा एक चौथाई सदस्यले कुलपति समक्ष लिखित निवेदन दिएमा उपकुलपतिले एक छानविन समिति गठन गर्नेछ ।

२) उपदफा १ बमोजिम गठित छानविन समितिले सो सम्बन्धमा १५ दिनभित्र छानविन गरी आफ्नो प्रतिवेदन कुलपति समक्ष पेश गर्नेछ ।

३) उपदफा २ बमोजिम पेश भएका प्रतिवेदन बमोजिम पदबाट हटाउन उपयुक्त देखिएमा कुलपतिले निजलाई हटाउन सक्नेछ ।

४) प्रतिष्ठानका उपकुलपति, प्रज्ञा सभाका सदस्यतथा प्रज्ञा परिषदका सदस्यहरुलाई पदबाट हटाउनुअघि सफाईको मौका दिइनेछ ।

**१८) सचिवालयः**

१) प्रतिष्ठानको सचिवालय उपमहानगरपालिकाले तोकेको क्षेत्रभित्रको उपयुक्त स्थानमा रहनेछ ।

२) प्रज्ञा प्रतिष्ठानको सम्पर्क/समन्वय महाशाखा/शाखाको रुपमा शिक्षा विकास महाशाखा रहनेछ ।

३) प्रज्ञा प्रतिष्ठानको वार्षिक प्रतिवेदन शिक्षा विकास महाशाखा मार्फत उपमहानगरपालिकामा पेश हुनेछ।

४) सचिवालयमा प्रतिष्ठानको सचिव र आवश्यकता अनुसार अन्य कर्मचारीहरु रहन सक्नेछन् ।

## परिच्छेद ५
## विविध

**१९) शपथः** प्रतिष्ठानका उपकुलपति, प्रज्ञा सभाका सदस्य तथा प्रज्ञा परिषदका मनोनित सदस्यहरुले अनुसूची-१ बमोजिम कुलपति समक्ष शपथ लिनु पर्नेछ ।

**२०) सेवा सुविधाः** प्रतिष्ठानका उपकुलपति, प्रज्ञा सभाका सदस्य तथा प्रज्ञा परिषदका सदस्यहरुको पारिश्रमिक, सेवाका शर्त र सुविधा तोकिए बमोजिम हुनेछ। विषयगत विधामा आमन्त्रित स्रष्टाहरुले समेत यसै अनुरुपको सेवा सुविधा पाउनेछन्।

**२१) सदस्यताः** प्रज्ञा प्रतिष्ठानले मापदण्ड निर्धारण गरी उपमहानगरको भाषा, साहित्य, कला, संकृतिको क्षेत्रमा विशिष्ट योगदान पुर्याउने संस्थाहरुलाई ऐन बमोजिम मानार्थ, विशिष्ट, आजिवन, आवद्धताको सदस्यता उपलब्ध गराउन सक्नेछ ।

**२२) प्रतिक चिन्ह, लोगो तथा अन्यः** प्रज्ञा प्रतिष्ठानले छुट्टै प्रतिक चिन्ह/लोगो, लेटर प्याड, छापको प्रयोग गर्नेछ ।

**२३) नियम, कार्यविधि, मापदण्ड, निर्देशिका बनाउन सक्नेः** उपमहानगरपालिकाले यस ऐनको उद्देश्य कार्यान्वयन गर्न आवश्यक नीति, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड बनाउन सक्नेछ ।

**२४) भङ्ग गर्न सक्नेः** प्रज्ञा प्रतिष्ठानको गतिविधि प्रज्ञा प्रतिष्ठान ऐन, कार्यविधि, स्थानीय सरकार सञ्चालन ऐन र अन्य नेपालको प्रचलित कानूनको वर्खिलाप भएको लिखित जानकारी कुलपति समक्ष आएमा त्यस उपर छानविन गरी मनासिव देखिएमा कुलपतिले नगरसभा समक्ष प्रज्ञा प्रतिष्ठान भङ्ग गर्ने सम्बन्धी प्रस्ताव ल्याउन सक्नेछ । नगर सभाले त्यस्तो प्रस्ताव स्वीकृत गरेमा प्रज्ञा प्रतिष्ठान स्वतः भङ्ग हुनेछ ।

## अनुसूची १ शपथ ग्रहणको लागि
## दफा १९(१) संग सम्बन्धित

म.................................................नागरिकप्रति पूर्ण बफादार रही सत्य र निष्ठापूर्वक प्रतिज्ञा गर्दछु देश र नागरिकको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौम सत्ता नेपाली जनतामा मात्र निहित रहेको नेपालको संविधानप्रति पूर्ण बफादार रही हेटौंडा उपमहानगर प्रज्ञा प्रतिष्ठानको..................... पदको काम काज प्रचलित कानूनको अधिनमा रही कसैको डर, त्रास नमानी पक्षपात नगरी, कसै प्रति पूर्वाग्रह वा खराब भावना नलिई, इमान्दारी साथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफुलाई जानकारी भएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानुनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा संकेत गर्ने छैन ।

नाम थर .........................                                        दस्तखत ...........................

मिति

शपथ गराउनेको

नाम थरः.....................                                        दस्तखतः...........................

पदःकुलपति

मितिः

पुनश्चः सपथ ग्रहण प्रचलित कानून बमोजिम हुनेछ।

..........................................................................................................

हेटौंडा राजपत्र

**अनुसूची २**

**प्रतिक चिन्ह**

**दफा १९(४) संग सम्बन्धित**

षट्कोणको बिचमा सरस्वतीको तस्बीर रहने, त्यसको शिरानमा "हेटौडा उपमहानगर प्रज्ञा प्रतिष्ठान" र पुछारमा" हेटौडा, मकवानपुर (स्था.२०७९)" त्यसको तलपट्टि "बागमती प्रदेश, नेपाल" रहनेछ ।

**आज्ञाले**
**शिवराज चौलागाई**
**प्रमुख प्रशासकीय अधिकृत**

हेटौंडा राजपत्र